# बैठक संख्या १

आज मिति २०८२/०४/०५ गतेका दिन यस बेलडाँडी गाउँपालिकाका अध्यक्ष श्री हरिश चन्द्र राना ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायका पदाधिकारीको उपस्थितीमा बसी देहाय बमोजिम निर्णय पारित गरियो ।

## उपस्थिती

| क.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री हरिश चन्द्र राना | अध्यक्ष | |
| २. | श्री शान्ती नाथ | सदस्य | |
| ३. | श्री गज बहादुर बिष्ट | सदस्य | |
| ४. | श्री नारद सिंह उर्याल | सदस्य | |
| ५. | श्री दुर्गा प्रशाद चौधरी | सदस्य | |
| ६. | श्री विर बहादुर खडका | सदस्य | |
| ७. | श्री ईन्द्र बहादुर खडका | सदस्य | |
| ८. | श्री गौरी देवी पाध्या | सदस्य | |
| ९. | श्री हर्कमती पाध्या | सदस्य | |
| १० | श्री तारा देवी गिरी | सदस्य | |
| ११. | श्री बसन्ती देवी सुनार | सदस्य | |
| १२. | श्री चेतराम माली | सदस्य | |
| १३. | श्री मीना सुनार | सदस्य | |
| १४. | श्री विर बहादुर ऐर | सदस्य सचिव | |

CamScanner

बैठक संख्या १/२०८२/०८३ मिति २०८२/०४/०५ गते

**प्रस्ताव नं.१:- आधारभूत तह कक्षा (६-८) शिक्षक संख्या निर्धारण गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१:-**प्रस्ताव नं. १ माथि छलफल हुँदा गाउँ शिक्षा समितिको मिति २०८२/०४/०४ गतेको निर्णयानुसार बेलडाँडी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा निःशुल्क शिक्षा व्यवस्थापन गर्न आधारभूत तह (६-८) मा मौजुदा विषयगत शिक्षकहरु, कक्षागत विद्यार्थी संख्याको आधारमा तपशिल बमोजिम शिक्षक संख्या निर्धारण गरि स्विकृतीका लागि कार्यपालिकाको बैठकमा पेश हुन आएकोले गाउँ शिक्षा समितेले गरेको निर्णय अनुमोदन गर्दै शिक्षक संख्या निर्धारण गरि स्विकृत गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपशिलः-

| क.सं. | विद्यालयको नाम र ठेगाना | माग गरेको संख्या | प्रदान गरेको संख्या | कै. |
|---|---|---|---|---|
| १. | श्री सिद्धनाथ मा.वि. बेलडाँडी ३, चौफेरी | २ (दुई) | १ (एक) | |
| २. | श्री सरस्वाती जनता मा.वि. बेलडाँडी ४, बैवाह | २ (दुई) | २ (दुई) | |
| ३. | श्री सरस्वती मा.वि. बेलडाँडी १, भरनासागर | २ (दुई) | २ (दुई) | |
| ४. | श्री रौलेश्वर मा.वि. बेलडाँडी २ | १ (एक) | ० (शुन्य) | |
| ५. | श्री गणेश माा.वि. बेलडाँडी ५, भुर्षा | १ (१) | ० (शुन्य) | |
| ६. | श्री बैजनाथ मा.वि.बेलडाँडी ५,झिलमिला | ३ (तीन) | २ (दुई) | |
| ७. | श्री सिंहपाल आ.वि. बेलडाँडी २, चन्दनवस्ती | ४ (चार) | २ (दुई) | |
| | कूल | १५ जना | ९ जना | |

**प्रस्ताव नं.१:- माध्यमिक तह कक्षा (९-१०) शिक्षक संख्या निर्धारण गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१:-**प्रस्ताव नं. १ माथि छलफल हुँदा गाउँ शिक्षा समितिको मिति २०८२/०४/०४ गतेको निर्णयानुसार बेलडाँडी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा निःशुल्क शिक्षा व्यवस्थापन गर्न माध्यमिक तह कक्षा (९-१०) मा मौजुदा स्विकृत, राहत, शिक्षण सहयोग अनुदान र गाउँपालिका अनुदान कोटामा कार्यरत शिक्षकहरु कक्षागत विद्यार्थी संख्याको आधारमा तपशिल बमोजिम शिक्षक संख्या निर्धारण गरि स्विकृतीका लागि कार्यपालिकाको बैठकमा पेश हुन आएकोले गाउँ शिक्षा समितेले गरेको निर्णय अनुमोदन गर्दै शिक्षक संख्या निर्धारण गरि स्विकृत गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपशिलः-

| क.सं. | विद्यालयको नाम र ठेगाना | माग गरेको संख्या | प्रदान गरेको संख्या | कै. |
|---|---|---|---|---|
| १. | श्री सिद्धनाथ मा.वि. बेलडाँडी ३, चौफेरी | २ (दुई) | २ (दुई) | |
| २. | श्री सरस्वाती जनता मा.वि. बेलडाँडी ४, बैवाह | ७ (सात) | ४ (चार) | |
| ३. | श्री सरस्वती मा.वि. बेलडाँडी १, भरनासागर | ४ (चार) | ३ (तीन) | |

बैठक संख्या १/२०८२/०८३ मिति २०८२/०४/०५ गते

**प्रस्ताव नं.१ः- आधारभूत तह कक्षा (६-८) शिक्षक संख्या निर्धारण गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१ः-**प्रस्ताव नं. १ माथि छलफल हुँदा गाउँ शिक्षा समितिको मिति २०८२/०४/०४ गतेको निर्णयानुसार बेलडाँडी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा निःशुल्क शिक्षा व्यवस्थापन गर्न आधारभूत तह (६-८) मा मौजुदा विषयगत शिक्षकहरु, कक्षागत विद्यार्थी संख्याको आधारमा तपशिल बमोजिम शिक्षक संख्या निर्धारण गरि स्विकृतीका लागि कार्यपालिकाको बैठकमा पेश हुन आएकोले गाउँ शिक्षा समितेले गरेको निर्णय अनुमोदन गर्दै शिक्षक संख्या निर्धारण गरि स्विकृत गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपशिलः-

| क.सं. | विद्यालयको नाम र ठेगाना | माग गरेको संख्या | प्रदान गरेको संख्या | कै. |
|---|---|---|---|---|
| १. | श्री सिद्धनाथ मा.वि. बेलडाँडी ३, चौफेरी | २ (दुई) | १ (एक) | |
| २. | श्री सरस्वाती जनता मा.वि. बेलडाँडी ४, बैवाह | २ (दुई) | २ (दुई) | |
| ३. | श्री सरस्वती मा.वि. बेलडाँडी १, भरनासागर | २ (दुई) | २ (दुई) | |
| ४. | श्री रौलेश्वर मा.वि. बेलडाँडी २ | १ (एक) | ० (शुन्य) | |
| ५. | श्री गणेश माा.वि. बेलडाँडी ५, भुर्षा | १ (१) | ० (शुन्य) | |
| ६. | श्री बैजनाथ मा.वि.बेलडाँडी ५,झिलमिला | ३ (तीन) | २ (दुई) | |
| ७. | श्री सिंहपाल आ.वि. बेलडाँडी २, चन्दनबस्ती | ४ (चार) | २ (दुई) | |
| | कूल | १५ जना | ९ जना | |

**प्रस्ताव नं.१ः- माध्यमिक तह कक्षा (९-१०) शिक्षक संख्या निर्धारण गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१ः-**प्रस्ताव नं. १ माथि छलफल हुँदा गाउँ शिक्षा समितिको मिति २०८२/०४/०४ गतेको निर्णयानुसार बेलडाँडी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा निःशुल्क शिक्षा व्यवस्थापन गर्न माध्यमिक तह कक्षा (९-१०) मा मौजुदा स्विकृत, राहत, शिक्षण सहयोग अनुदान र गाउँपालिका अनुदान कोटामा कार्यरत शिक्षकहरु कक्षागत विद्यार्थी संख्याको आधारमा तपशिल बमोजिम शिक्षक संख्या निर्धारण गरि स्विकृतीका लागि कार्यपालिकाको बैठकमा पेश हुन आएकोले गाउँ शिक्षा समितेले गरेको निर्णय अनुमोदन गर्दै शिक्षक संख्या निर्धारण गरि स्विकृत गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपशिलः-

| क.सं. | विद्यालयको नाम र ठेगाना | माग गरेको संख्या | प्रदान गरेको संख्या | कै. |
|---|---|---|---|---|
| १. | श्री सिद्धनाथ मा.वि. बेलडाँडी ३, चौफेरी | २ (दुई) | २ (दुई) | |
| २. | श्री सरस्वाती जनता मा.वि. बेलडाँडी ४, बैवाह | ७ (सात) | ४ (चार) | |
| ३. | श्री सरस्वती मा.वि. बेलडाँडी १, भरनासागर | ४ (चार) | ३ (तीन) | |

| | | | | |
|---|---|---|---|---|
| ४. | श्री रौलेश्वर मा.वि. बेलडाँडी २ | २ (दुई) | ० (शुन्य) | |
| ५. | श्री गणेश माा.वि. बेलडाँडी ५, भुर्षा | १ (१) | १ (एक) | |
| ६. | श्री बैजनाथ मा.वि.बेलडाँडी ५,झिलमिला | ३ (तीन) | २ (दुई) | |
| | कूल | १९ जना | १२ जना | |

**प्रस्ताव नं.३:- दरखास्त शुल्क तोक्ने सम्बन्धमा ।**

**निर्णय नं.३:-**प्रस्ताव नं. ३ माथि छलफल हुँदा बेलडाँडी गाउँपालिका स्तरीय शिक्षक पदपूर्तिका लागि गरिने आन्तरिक तथा खुल्ला विज्ञापनका लागि तपशिल बमोजिम दरखास्त शुल्क निर्धारण गर्ने सर्वसम्मत निर्णय पारित गरियो

तपशिल:-

| क.सं. | तह | शुल्क रु. | कै. |
|---|---|---|---|
| १. | आधारभूत तह (६-८) | ७००/- (सात सय) | |
| २. | माध्यमिक तह (९-१०) | १०००/- (एक हजार) | |

**प्रस्ताव नं.४:- सम्झौताको म्याद थप गर्ने सम्बन्धमा ।**

**निर्णय नं.४:-**प्रस्ताव नं. ४ माथि छलफल हुँदा यस गाउँपालिकामा रहेको न्यायिक समितिमा पर्न आउने उजुरी एवं गाउँ कार्यपालिकाका कानुनी समस्या समाधानका लागि कानूनी सल्लाहकारको रुपमा पहिले सम्झौता भए अनुसारको मासिक रु.२० हजार पारिश्रमिक दिनेगरि यस कार्यालय र कैलपाल ल फर्म भिनपा. ४ कंचनपुरका अधिवक्ता श्री उद्धव राज भट्टबीच २०८१ साल माघ २ गते ६ महिनाको लागि सम्झौता भएकोमा उक्त सम्झौताको म्याद २०८२ साल असार मसान्तमा समाप्त भैसकेकोले सोहि बमोजिम पारिश्रमिक दिनेगरि २०८२ साल श्रावण १ गतेदेखि लागू हुनेगरि २०८२ साल पौष मसान्तसम्म ६ महिनाको लागि सम्झौताको म्याद थप गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.५:- प्राविधिक शिक्षालय खोल्ने सम्बन्धमा ।**

**निर्णय नं.५:-**प्रस्ताव नं. ५ माथि छलफल हुँदा यस गाउँपालिका क्षेत्रभित्र एउटा पनि प्राविधिक शिक्षालय नभएकोले प्राविधिक शिक्षा हासिल गर्न यस क्षेत्रका अधिकांस विद्यार्थीहरु टाढा जान बाध्य भएकाले प्राविधिक शिक्षालय खोल्न अति आवस्यक भएको हुँदा यस पालिका क्षेत्रभित्र उक्त संस्था खोल्न आवस्यक कारवाही प्रक्रिया अगाडी बढाउने सर्वसम्मत निर्णय पारित गरियो ।

CS CamScanner

**प्रस्ताव नं.६:- रकम थप गरि टेण्डर खोल्ने सम्बन्धमा ।**

**निर्णय नं.६:**-प्रस्ताव नं. ६ माथि छलफल हुँदा यस गाउँपालिका अन्तर्गत देहायका योजना निर्माणको लागि प्राप्त बजेट एवं गा.पा. को बजेट सहित हुन आउने कूल बजेटको २५ प्रतिशतले हुन आउने रकम थप गरि योजनाको टेण्डर गर्ने र उक्त थप हुन गएको रकम गाउँपालिकाबाट व्यहोर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:-

| क.सं. | योजनाको नाम, ठेगाना | विनियोजित रकम रु. | गा.पा. को रकम रु. | कूल रकम रु. | २५ प्रतिशतले हुन आउने रकम रु. | टेण्डर हुने कूल रकम रु. | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | बेलडाँडी २ चवन्नी बजारदेखि कान्छी बजारसम्म सडक कालोपत्रे योजना | ३००००००० तराई-मधेश समृद्धि योजना | १०५००००० गा.पा. को ३५ प्रतिशत रकम | ४०५००००० | १०१२५००० | ५०६२५००० | |
| २. | बेलडाँडी गाउँपालिकाको रिङ्गरोड बेलडाँडी २ गौडीको उत्तरपट्टीको साविक बाटो हुँदै इमलिया हुँदै चवन्नीसम्म । (चक्रपथ) | ८७०००००० संघीय समपूरक अनुदान | ८७०००००० गा.पा. को ५० प्रतिशत रकम | १७४००००० | ४३५००००० | २१७५००००० | |
| ३. | हुलाकी सडक जित बहादुर चन्दको घरदेखि पुन्ना पार्कीको पसल हुँदै निर्माणधिन वडा कार्यालयको भवन हुँदै विरेन्द्र कठायतको घर हुँदै सिद्धचोकसम्म सडक कालोपत्रे कमागत वडा नं. १ | ४५०००००० प्रदेश समपूरक | गा.पा. को ५० प्रतिशत रकम | ९०००००० | २२५०००० | ११२५०००० | |

**प्रस्ताव नं.७:- बहुवर्षिय योजनामा राखी योजनाको टेण्डर गरि निर्माण कार्य अगाडी बढाउने सम्बन्धमा ।**

**निर्णय नं.७:**-प्रस्ताव नं. ७ माथि छलफल हुँदा बेलडाँडी गाउँपालिका, १ नं. वडा कार्यालयको भवन निर्माण (एक तला थप) को लागि चालु आ.व. मा रु.४०लाख रकम विनियोजन गरिएको हुँदा उक्त योजनालाई बहुवर्षिय योजनामा राखी टेण्डर गर्ने र भुक्तानी हुन बाँकी रकम अर्को आ.व.मा भुक्तानी दिने गरि निर्माण कार्य अगाडी बढाउने सर्वसम्मत निर्णय पारित गरियो ।

चिर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं.८:- बहुवर्षिय योजनामा राखी योजनाको टेण्डर गरि निर्माण कार्य अगाडी बढाउने सम्वन्धमा ।**

**निर्णय नं.८:**-प्रस्ताव नं. ८ माथि छलफल हुँदा बेलडाँडी गाउँपालिका, ३ नं. वडा कार्यालयको भवन निर्माण (ट्रसको भवन निर्माण) को लागि चालु आ.व. मां रु.४०लाख रकम विनियोजन गरिएको हुँदा उक्त योजनालाई बहुवर्षिय योजनामा राखी टेन्डर गर्ने र भुक्तानी हुन बाँकी रकम अर्को आ.व.मा भुक्तानी दिने गरि निर्माण कार्य अगाडी बढाउने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.९:- आन्तरिक विज्ञापन आह्वान गर्ने सम्बन्धमा ।**

**निर्णय नं.९:**-प्रस्ताव नं. ९ माथि छलफल हुँदा बेलडाँडी गाउँपालिकाको **सामुदायिक विद्यालयमा निःशुल्क शिक्षा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२** बमोजिम बेलडाँडी गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयमा प्रदान गरिएको गाउँपालिका अनुदानको शिक्षक कोटामा विद्यालयबाट पठाईने तहगत तथा विषयगत आवस्यकताको विवरणको आधारमा करार शिक्षक पदपूर्तिका लागि आन्तरिक विज्ञापन आह्वान गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

बिर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत